जन्मकुण्डली होस् वा हस्तरेखाको आधारमा जीवनभरीको भूत, वर्तमान तथा भविष्यबारे लिखित ग्यारेण्टी सहित शतप्रतिशत भविष्यवाणी गर्ने
ज्योतिषी सुश्री सीता रेग्मी
भेट्ने - बिहान १० देखि ५ बजेसम्म ।
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
पोखरा-२, बिन्ध्यवासिनी मन्दिर, नेपाल ।
फोन नं.९८४६२१८८१५

Jyotish Bhabishyawani Weekly ज्योतिष विद्यामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक
जि.प्र.कास्की/मोरङ द.नं.:११५/२०५५ प.क्षे.हु.नि.द.नं.: १/२०६८

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४ २०६९ वैशाख २८ गते, बिहीबार 10, May 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ ।
प्रधान सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोबाइल नं. ९८५६०२०९१४

## जातीय राज्य विरुद्ध प्रदर्शन

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : जातीयताका आधारमा प्रदेश निर्माण गर्न नहुने भन्दै पोखरामा विरोध प्रदर्शन तथा सभा सम्पन्न भयो । राष्ट्रिय अखण्डता र जातीय सद्भावका लागि संयुक्त जिल्ला संघर्ष समिति कास्कीको आन्दोलन अन्तर्गत आयोजित बृहत् सद्भाव ऱ्याली तथा क्षेत्रीय बिरोध प्रदर्शन सभा भएको हो । सभामा बोल्ने वक्ताहरूले जातीयताका आधारमा राज्य दिने हो भने नेपालका ८ जातिलाई मात्र नभई अन्य एक सय तीन जातिलाई पनि राज्य दिनुपर्नेमा जोड थियो ।

पोखराको अमरसिंहचौरमा भएको सो आमसभालाई सम्बोधन गर्नुहुँदै ब्राह्मण समाज नेपालका केन्द्रीय अध्यक्ष सह-प्रा.नारायणप्रसाद अधिकारीले जातीय राज्यले मुलुक विखण्डन हुने भन्दै ठूला राजनीतिक दलहरू समयमै सतर्क रहनुपर्नेमा जोड दिनुभयो ।

कविताको लयमा आफ्नो भाषण गर्नुभएका अधिकारीले जातीय राज्य, आत्मनिर्णय तथा अग्राधिकार लगायतका विषय कुनै हालतमा पनि स्वीकार्य नहुने बताउँदै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका अधिकारीले मुलुककै सबैभन्दा धेरै जनसंख्या भएको ब्राह्मण, क्षेत्री दलित, दशनामी ठकुरीलाई पछि पारी जारी हुने संविधान आँफूहरूले नमान्ने चेतावनी दिनुभयो।

संघर्ष समितिका प्रवक्ता कुमार खड्काले जातीय राज्य उल्लेख गरी संविधान तैयार भए आँफूहरूले छ सय एक सभासद्को साथमा राजनैतिक दलका नेताहरूलाई उक्त संविधान जलाएर खरानी दली नगर परिक्रमा गर्ने चेतावनी दिनुभएको थियो । राजसंस्थाले निरंकुशता

बाँकी ४ पेजमा......

### 'जातीय राज्य हुनैपर्छ'

तमुवान आदिवासी जनजातिहरूले मुलुकमा जातीय आधारमा राज्य पुनर्संरचना गरिनु पर्नेमा जोड दिएका छन्। पोखरामा भएको एक सम्मेलनमा उनीहरूले त्यसो नभए देशनै ठप्प पार्ने समेत चेतावनी दिनुका साथै ज्यानको आहुति समेत दिन तयार रहेको बताएका थिए । मुख्य राजनीतिक दलहरुबीच राज्यको पुनर्संरचना गर्दा कुन आधार र कति संख्यामा गर्ने विषयमा व्यापक बहस भैरहेका बेला पोखरामा आदिवासीहरूले यस्तो चेतावनी दिएका हुन् । उनीहरुले संघहरूको नेतृत्व पनि आदिवासी जनजातिहरूले लिने बताएका छन्। देशका मुख्य तीन दलका नेतृत्व तहमा रहेका आदिवासी नेताहरुले समेत २००७ सालदेखि आदिवासीहरुले विभिन्न व्यक्तिहरुलाई नेतृत्व तहमा पुऱ्याएको तर पनि आदिवासीहरुको मुद्धा भने जहाँको त्यहीं रहेको उल्लेख गर्दै आदिवासीको साथ र सहयोगले काँग्रेस, एमाले र एमाओवादीले आफ्नो स्वार्थहरु पूरा गरिसकेकाले उनीहरूले अझै पनि जातीय राज्य बनाउन दिएनन् भने त्यसको परिणाम भविष्यले देखाउने चेतावनी दिएका छन् ।

कार्यक्रमका वक्ताहरुले २ सय ४० वर्षसम्म आदिवासीहरू शरणार्थीको रुपमा बस्नु परेको र त्यसको मुख्य दोषी भनेको ब्राह्मण जाति भएको आरोप लगाए। पोखराको अमरसिंहचौरमा आयोजित सम्मेलनको उद्‌घाटन समारोहमा बोल्दै वक्ताहरूले यो देशका आदिवासीहरू सधैं पिछडिएर बस्नुपरेको र ब्राह्मण जाति र सामन्तवादको चेपुवामा पर्दा जनजातिहरूले अहिलेसम्म पनि अधिकार प्राप्त गर्न नसकेको भन्दै अब हुने उपलब्धीलाई संस्थागत गर्न पनि सम्पूर्ण जनजातिहरु एक भएर अगाडि बढ्नुपर्ने औंल्याए । कार्यक्रममा ने.क.पा. एमाले उपाध्यक्ष अशोक राई, एकीकृत नेकपा माओवादीका नेता देव गुरुङ, ने.क.पा. एमालेका पोलिट्ब्युरो सदस्य पृथ्वीसुब्बा गुरुङ, आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी, नेपाली काँग्रेसका इन्द्रबहादुर गुरुङ, राष्ट्रिय मुक्ति मोर्चाका अमर तमु, नेपाल लोकतान्त्रिक तमु संघका किरण तमु, सभासद राजकाजी गुरुङ करण, सभासद् जीवछिरिङ शेर्पा, जनजाति अधिकारकर्मी प्रा. डा. कृष्ण भट्टचन, तमुवान आदिवासी जनजाति बृहत् सम्मेलनका संयोजक डा.ओम गुरुङ, थकाली सेवा समितिका महासचिव जुना गौचन, तमु धी नेपालका अध्यक्ष कर्मा तमु, तमु ह्युल छोंजधीका केन्द्रीय सदस्य रेशम तमु लगायतले बोल्नुभएको थियो।

## राजस्वलाई टेरेनन् ज्योतिषीले

✍हरि पन्त

**पोखरा** : आन्तरिक राजस्व कार्यालय पोखरालाई पोखरामा रहेका ज्योतिषीहरूले अटेर गरेर बसेका छन् ।

राजस्व कार्यालय पोखराले केही महिना अघि कार्यालयमानै गइ कार्यालय दर्ता गर्न आउन गरेको आग्रहलाई अटेर गरेर आफ्ना संस्था दर्ता नगरी अबैधानिक तरिकाले संचालन गरिरहेका छन् । केही महिना अघि लगातार ज्योतिष भविष्यवाणी साप्ताहिकमा समाचार प्रकाशन पश्चात् आन्तरिक राजस्व कार्यालयले पोखरामा रहेर ज्योतिष सम्बन्धी सेवा दिइरहेका ज्योतिषीहरूको कार्यालय अनुगमन गर्दै संस्था दर्ता गर्न आउन आग्रह गरेर एक हप्ते पत्र काटेको थियो । सो आग्रहलाई अस्वीकार गर्दै ज्योतिषीहरू आफ्नै धन्दामा मस्त नै देखिन्छन् ।

पत्र काटिएपछि आन्तरिक राजस्व कार्यालयमा पोखरा-१७, छोरेपाटनका ज्योतिषी निरविक्रम पौडेलले आफ्नो भृगु संगीता ज्योतिष परामर्श केन्द्र दर्ता गराएका छन् भने अन्य ज्योतिषीहरूले आन्तरिक राजस्व कार्यालयको आग्रहलाई सुन्दै नसुनी अटेर गरेर बसिरहेका छन् ।

यता ज्योतिषीहरूले आफ्नो आग्रहलाई नटेरेपछि आन्तरिक राजस्व कार्यालय पोखराले पुन: अनुगमन गरी ठाडो आदेशको पत्र काट्ने तैयारीमा लागेको छ । यसअघि एक हप्ताको समयसीमा राखेर पत्र काट्दा ज्योतिषीहरूले नटेरेपछि ठाडो आदेशको पत्र काट्ने तैयारीमा लागेको आन्तरिक राजस्व कार्यालय पोखराका कर अधिकृत हीमबहादुर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कार्य ज्येष्ठ महिनाको पहिलो साता ज्योतिषीको कार्यालयको पुन: अनुगमन गरी अल्टिमेटम सहित ठाडो आदेशको पत्र काटिने भएको छ । उक्त आदेशलाई पनि अटेर गरे ज्योतिषीलाई कानून बमोजिम कारवाही गरिने अधिकृत बस्नेतले बताउनुभयो।

यसअघि एक हप्ते समयसीमा राखेर पत्र काटिएपछि ज्योतिषी नआउँदा तत्काल अनुगमन कार्यालयको विभिन्न प्राविधिक कारणले पुन: अनुगमन गर्न नसकिएकाले ज्येष्ठको पहिलो साताबाट पुन: अनुगमन गर्ने तैयारी भैरहेको बताइएको छ ।

## ज्योतिष भविष्यवाणी पत्रकारिता पुरस्कारमा सहयोग

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपाल अधिराज्यको इतिहासमा नै पहिलो र एकमात्र ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (साप्ताहिक) को नाममा पुरस्कार स्थापना गरेर प्रत्येक वर्ष पत्रिकाको विकासमा महत्वपूर्ण सहयोग गर्नुपर्छ भन्दै पोखरा-१ बगर निवासी ज्यो. दुर्गा आचार्य दाहाल तथा ज्यो. कृष्णप्रसाद दाहालद्वारा १०-१० हजार नगद प्रदान गर्न शुरु गरेपछि पोखरा-१० रामघाट निवासी ज्यो.प्रेमकुमारी गुरुङद्वारा रु. १० हजार प्रदान गर्ने घोषणा गरिएको छ भने पोखरा-२, मिरुवा निवासी पोखरा ज्योतिष महाविद्यालयका ज्योतिष प्रशिक्षार्थी दीपकराज सुवेदीले नगद पाँच हजार प्रदान गर्ने घोषणापछि ज्योतिष भविष्यवाणी पत्रकारिता पुरस्कारको अक्षयकोषमा पैतीस हजार पुग्ने भएको छ ।

एक लाख एघार हजार अक्षयकोष खडा गरी त्यसबाट आउने प्रति वर्षको ब्याजबाट पुरस्कार प्रदान गरिने सो कार्यक्रममा नितान्तै स्वत: स्फूर्त रुपमा सहभागी हुन चाहनेको मात्र रकम स्वीकारिने संस्थापक समितिका ज्यो. दुर्गा दाहाल, ज्यो.कृष्णप्रसाद दाहाल, ज्यो.प्रेमकुमारी गुरुङ, दीपकराज सुवेदीले बताउनुभएको छ ।

ज्योतिष पत्रकारिताको विकासमा सहयोग गर्न ईच्छुक व्यक्तिले पोखरा-२ नयाँ बसपार्कस्थित साँग्रिला विकास बैंक लिमिटेडको ज्योतिष भविष्यवाणी (साप्ताहिक) पत्रिकाको नाममा रहेको खाता नं.००५०२५४६०५ मा रकम जम्मा गरी रसिद संयोजक दुर्गा आचार्य दाहाल, कृष्णप्रसाद दाहाल पोखरा-१ बगर(०६१-५२६८७०) मा बुझाउन सकिने व्यवस्था ज्योतिष भविष्यवाणीले गरेको छ।

## कास्कीमा मनाइयो कानून दिवस

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपालमा प्रधान न्यायालयको स्थापना गरेको वि.सं. २००८ वैशाख २६ गतेको दिनलाई सम्झिँदा ६१ वर्ष पुगेछन् ।

नेपालका प्रथम न्यायाधिश हरिप्रसाद प्रधानको निर्देशनमा २००९ वैशाख २६ गतेदेखि कानून दिवसको रुपमा मनाउँने परम्परा लागू भए यता नेपालका प्रत्येक जिल्ला, पुनरावेदन, अदालत, नेपाल बार तथा सर्वोच्च अदालत सबै ठाउँमा मनाउँदै आइरहेको कानून दिवसलाई कास्की जिल्ला अदालत वार एशोसियशनले भव्य रुपमा मनाएको छ ।

जिल्ला अदालत कास्कीको नव निर्मित भवनमा जिल्ला अदालत वार एशोसिएशन एवं पुनरावेदन वार इकाईको संयुक्त पहलमा जिल्ला बारको आयोजनामा आयोजित ६१औं कानून दिवस विचार गोष्ठीमा अधिवक्ता कृष्णबहादुर गुरुङ, पुनरावेदन बार पोखराका अध्यक्ष अधिवक्ता जगन्नाथ ढकाल, पुनरावेदन अदालत पोखराका माननीय न्यायाधिश डिल्लीराज आचार्य, वरिष्ठ अधिवक्ता तिलक आचार्य, पुनरावेदन अदालत पोखराका निमित्त मुख्य न्यायाधिश माधवप्रसाद चालिसे लगायतले कानून दिवसको महत्वमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य अधिवक्ता वीरेन्द्र बाँस्तोलाबाट, पुनरावेदन अदालत पोखराका

बाँकी ३ पेजमा......

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
'The Most Spacious Hotel in Pokhara'
E-mail : fprince_pkr@wlink.com

## सम्पादकीय...

# कानून दिवसको सान्दर्भिकता

कानूनको सर्वोच्चता, स्वतन्त्र न्यायालयको अवधारणा, मानवअधिकारप्रति आस्था राख्ने कानून व्यवसायी, कानून कर्मी, न्यायिक कर्मचारी, न्याय परिषद्, जिल्ला अदालत, पुनरावेदन अदालत, सर्वोच्च अदालत, नेपाल बार इकाई तथा माननीय न्यायमूर्तिका लागि कानून दिवसको आ-आफ्ना ठाउँमा अत्यन्तै महत्व रहेको छ । वैधानिक कानून वि.सं.२००४ देखि २००७ सम्म जे जस्तो अवस्थाबाट गुज्रिनु परे पनि कानूनी व्यवस्थाको संस्थागत विकासमा २००८ वैशाख २६ गते प्रधान न्यायालय ऐन जारी भए यताका ६१ वर्ष हाम्रो कानूनी इतिहासमा नितान्तै महत्वपूर्ण रहेका छन् । यद्यपि वि.सं.२००८ देखि २०१७ सम्मको छोटो इतिहासमा सर्वोच्च अदालतको स्थापना लगायत महत्वपूर्ण कानूनी व्यवस्था गरिएका छन् । तथापि नेपालको कानूनी इतिहासमा कानूनको सर्वोच्चता, स्वतन्त्र न्यायपालिकाको सम्पूर्ण अधिकारलाई कुल्चिएको २०१७-२०४७ बीचको अवधि अथवा २०५८-२०६२ बीचको कालखण्डलाई छाडिदिने हो भने नेपालको स्वतन्त्र न्यायापालिकाले आफ्नो क्षमतालाई देखाउन पाउने अवस्था कमै रह्यो ।

यति हुँदा-हुँदै पनि नेपालको व्यवस्थापिका, कार्यपालिका भन्दा न्यायपालिका सधैं अग्रपंक्तिमा रहँदै आएको छ । चाहे पूर्व प्रधान न्यायाधिश विश्वनाथ उपाध्यायको ख्याति प्राप्त फैसला होस् अथवा पूर्व प्रधान न्यायाधिश माननीय रामप्रसाद श्रेष्ठको कार्यकालको अवस्था होस् हाम्रो न्यायालयले आम जनताको शीर ठाडो पार्ने लायक कार्य गरेकोमा समग्र नेपाली जनसमूदायको तर्फबाट आभार प्रकट गर्नुपर्दछ । नेपाल जस्तो अस्थिर राजनीति विद्यमान रहेको देशमा जहाँ बन्दुक र वुद्धि भ्रष्टचारीको त्रिकोणात्मक द्वन्द्व रहेको ठाउँमा कुनै पनि न्यायकर्मीलाई इमान्दारिता पूर्वक कार्य गर्नु सजिलो छैन । लोभ, लालच, मोह, महत्वाकांक्षा जस्ता महान शत्रु पनि मानव जातिको जन्मैदेखि साथमा हुने गर्दछन् । नातावाद, कृपावाद, आफन्त पोष्ने कार्यपालिका तर्फका अवगुणलाई पन्छाउँदै न्यायामूर्तिहरूले न्यायिक कार्य सम्पादन गर्नु परिरहेको अवस्था छ । व्यवस्थापिका नामको कानूनी उद्‌गम स्थलोका असंख्य अवरोधलाई पन्छाउँदै जे जत्तिको अवस्थामा नेपालको कानूनी निकायले कार्य गरिरहेका छन्  आँफैमा कम चानचुने कुरा होइन ।

एकातिर सम्पूर्ण योग्यता, अनुभव कार्यक्षमताको आधारमामात्र न्यायापालिकाको महत्वपूर्ण ठाउँमा पुग्न सकिने, अर्कोतर्फ कार्यपालिका व्यवस्थापिका पटक-पटकको हस्तक्षेपले माननीय न्यायमूर्तिलाई स्वाभिमानता जोगाउन कठिन परिरहेको अवस्थामा पनि ज्येष्ठ १४ पछि म्याद थप्न नपाइने भनेर जुन ऐतिहासिक काम हालका प्रधान न्यायाधिश माननीय खिलराज रेग्मीबाट हुन आएको छ यो इतिहासमा नै दूरगामी प्रभावको हुन गएको छ । व्यवस्थापिकाको म्याद जति पनि थप्न पाइने अधिकारमाथि अंकुश लगाउने कार्य जो सर्वोच्च अदालतबाट भएको छ एक पटक समग्र नेपाली आम जनताको तर्फबाट प्रधान न्यायाधिश रेग्मी तथा सर्वोच्च अदालतप्रति आभार व्यक्त गर्नु सान्दर्भिक ठहर्दछ । नेपाल बारको नेतृत्वमा पूर्व निरंकुश तानाशाही राजा ज्ञानेन्द्र शाहको 'कु' विरुद्धको सफल आन्दोलनकर्ता तत्कालिन नेपाल बारका अध्यक्ष अधिवक्ता शम्भु थापा, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, कृष्णप्रसाद भण्डारी लगायत दर्जनौं वरिष्ठ अधिवक्ता, न्यायिक निकाय, सर्वोच्च वार, न्यायिक पत्रकार मञ्च ज-जसको महत्पूर्ण सक्रिय आन्दोलनले आज निरंकुशताले घुँडा टेकेर हामी स्वतन्त्र स्वास फेर्न सफल भएका छौं आज कानून दिवसका दिन उहाँहरू सबैप्रति आभार व्यक्त गर्नुपर्दछ । विश्वका अति साना मुलुकमध्ये पर्ने नेपाल राज्य कानूनी दृष्टिमा कत्ति पनि कम छैन भन्ने पुष्टि हाम्रा अधिवक्ता, वरिष्ठ अधिवक्ता, माननीय न्यायाधिशज्यूले गरिहनुभएको छ । दोष, खोट लगाउनेहरू 'नेपालको कानून दैवले जानुन' पनि भन्ने गर्दछन् ।  तर नेपालको न्यायापालिकाको गतिविधिलाई नजिकैबाट निगरानी गर्दा के पाइयो भने सत्य पक्षको सधैं विजय भएको छ । असत् पक्षले हारेको छ । जिल्ला अदालतलाई झुक्याउन कुनै पक्ष सफल भए पनि पुनरावेदनमा गएर असत् पक्षको हार भएकै छ । जिल्ला, पुनरावेदन अदालतको आँखामा छारो हाल्न कुनै असत् पक्ष सफल भएको छ भने सर्वोच्च अदालतमा पुगेर अन्यायी पक्षले हारेकै छ । त्यसकारण नेपालका कानून व्यवसायी, सरकारी वकील न्यायमूर्तिमाथि विना गहन अनुसन्धान प्याच्च बोल्नु नैतिक सम्मत हुँदैन । अपवाद नभएको क्षेत्र कुनै हुँदैन । गहुँको साथ घुन पनि पिसिन्छन् । सरकारी वकील भएको एक वर्षमा बाग्लुङ-काँकरभित्ता नाइट गाडी किनेर हाल्ने, वर्षमा करोड ज्यादा कमाउने सरकारी वकील पनि छन् । मुद्धा लम्व्याउनसम्म लम्व्याउने र पक्षलाई चुस्नसम्म चुसेर अन्त्यमा मैले त सक्दो प्रयास गरेकै थिएँ तर न्यायाधिशले घुस खाएर मुद्धा हराए भनेर पक्षसँग आफ्नो बचावट गर्ने कानून व्यवसायी पनि छन् । न्यायाधिश भएपछि जे गर्दा पनि हुन्छ भन्ने मान्यता राख्दै आफ्नो सहयोगी संस्था बारमा आवद्ध कानून व्यवसायीलाई एक कौडी नगन्ने न्यायाधिश पनि नभएका होइनन् । कैयौं दिन घरको जालो, कसिंगर नफ्याँकेपछि एक दिन पूरै घर गन्हाउँछ ।

त्यसकारण कानुन दिवस भनेको हामी कानून व्यवसायी, सरकारी वकील, माननीय न्यायाधिश, कानूनी जगतमा कार्यरत सबैले आ-आफ्ना कमि कमजोरीलाई स्मरण गर्दै हटाउँदै मन माझ्ने दिन पनि हो । कानून व्यवसायीले युवा व्यायाधिशलाई हेप्ने, माननीय न्यायाधिशले आँफूभन्दा पनि उमेरमा जेठा, कपाल सेताम्मै भएका कानून व्यवसायीलाई पनि धम्क्याउने आडम्बर प्रदर्शन गर्ने, कानून व्यवसायीले छिटो टुंगिन सक्ने मुद्धालाई पनि वर्षौं तन्काउने जस्ता कमि कमजोरीलाई हटाउने दिन पनि कानून दिवस हो । पक्ष-विपक्षमा विभाजन भै सधैंभरी कार्य गर्नुपर्ने बाध्यता बोकेका कानूनी जगतलाई एकै ठाउँ राखी मन सुमसुमाउने दिन पनि हो कानून दिवस । यस्ता महत्वपूर्ण दिवसका दिन पनि चार सय चालिस ज्यादा कास्कीका कानून व्यवसायीमध्ये ५९ जनाकोमात्र सक्रिय उपस्थिति हुनुले जिल्ला अदालत बार एशोसिएशन कास्कीको उचाई कम भएको होइन कानून व्यवसायीले आफ्नै व्यक्तित्व अस्तित्वलाई अवमूल्यन गरेको हो कि ? भन्ने भान पर्न गएको छ । त्यसकारण मर्दाको मलामी विवाहमा जन्ती भनेजस्तो नेपाल मात्र होइन विश्वभरका कानून व्यवसायीले आफ्नो कानून दिवसका दिन सबै व्यस्ततालाई पन्छाएर पनि आफ्नो कार्यक्रममा पुग्नै पर्दछ होइन भने हामी के को विद्वान कानून व्यवसायी ? आफ्नो संस्थाले आँफैलाई निमन्त्रण गर्नु कुनै आवश्यक छैन । संस्था आफ्नो हो भन्ने लागेमा स्वयं सक्रिय उपस्थित हुनैपर्छ प्रत्येक वर्षको कानून दिवसमा ।

अन्त्यमा ज्योतिष भविष्यवाणी (साप्ताहिक), म व्यक्ति तथा अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी अन्तर्राष्ट्रिय कानूनी परामर्श केन्द्रको तर्फबाट कास्की लगायत समस्त नेपालका सहकर्मी अग्रज, अनुज कानून व्यवसायी मित्रप्रति हार्दिक शुभकामना व्यक्त गर्दै हामी नेपाली कानून व्यवसायी तपाईं समस्त विश्वका कानून व्यवसायीप्रति बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

## भविष्यवाणी भेटवार्ता

# "ज्योतिष एउटा गतिशील विषय हो"


डा. कृष्णगोपाल पराजुली

**परिचय :** मध्यम वर्गीय शिक्षित परिवारमा स्व.ज्यो.पं.लेखनाथ पराजुली, माता लोकमाया पराजुलीका तीन छोरामध्ये जेष्ठ सुपुत्रका रूपमा वि.सं.२०११ साल मंसिर २६ गते शनिबारका दिन पोखरा-२, मिरुवा कास्की जिल्लामा जन्मनुभएका डा.कृष्णगोपाल पराजुली नेपाल प्राज्ञ मञ्च पोखराको सदस्य र प्रतिभा उच्च मा.वि. पोखराका संस्थापक हुनुहुन्छ । उहाँ करिब चार दशकदेखि विभिन्न विद्यालयहरूको शिक्षण पेशामा सक्रिय हुँदै वि.सं.२०५६ देखि पोखराको पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा र राष्ट्रिय उच्च मा.वि.पोखरामा प्राध्यापनरत हुनुहुन्छ । डा. पराजुलीले सानै उमेरमा घरमै आफ्नी आमाबाट सामान्य शिक्षा हासिल गरी सल्यान प्रा.वि. सल्यान, कास्कीबाट विद्यालयको औपचारिक शिक्षा प्रारम्भ गरी राष्ट्रिय मा.वि. पोखराबाट वि.सं.२०२६ सालको एस.एल.सी. परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण हुनुभएको थियो । उहाँले एस.एल.सी.पश्चात् आइ.एस.सी., पी.एन. क्याम्पसबाट, बी.ए.(गणित)नेपाली आदर्श विद्यालयबाट, सानोठिमी भक्तपुरबाट सेवाकालीन तालिम लिई बी.एड., एम.ए. (अर्थशास्त्र) साथै एग्रीकल्चरमा स्नातक पूरा गर्नुभएको थियो । अध्ययनकै क्रममा उहाँले भारतको उत्तरप्रदेशस्थित लखनउ विश्वविद्यालयबाट वि.सं.२०६० सालमा पव्लिक जनप्रशासन अन्तर्गत 'इकोनोमिक इम्प्याक्ट अफ टुरिजम इन प्रोमोटिङ होटल इन्डस्ट्रिज इन नेपाल' शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । उहाँले विभिन्न प्राइभेट कलेजहरूबाट पाठ्यक्रम र मूल्याङ्कन विषयमा एम.एड., बी.एल., एम.पी.ए.सम्मको अध्ययन पूरा गर्नुभएको छ । सानै उमेरदेखि पढाइमा तेजिला विद्यार्थीका रुपमा चिनिने डा.पराजुलीले महेन्द्र विद्याभूषण'क', जिल्ला शिक्षा समितिबाट कदरपत्र, त्रि.वि. प्राध्यापक संघ पी.एन.क्याम्पस इकाइ समितिबाट सम्मानित, नेपाल राष्ट्रिय शिक्षक संगठन कास्कीबाट अभिनन्दित, नेपाल राष्ट्रिय शिक्षक संघबाट सम्मानित हुनुका साथै श्री साठीघरे पराजुली समाज पोखरा-२, राष्ट्रिय उच्च मा.वि.पोखराबाट पनि सम्मानित एवम् पुरस्कृत भैसक्नु भएको छ । राजनीतिमा खासै चाँसो नराख्ने डा.पराजुली नेपाल प्राज्ञ मञ्च पोखराका सदस्य, पराजुली समाजका आजीवन सदस्य, प्रतिभा उच्च मा.वि.पोखराका संस्थापक, विन्ध्यवासिनी उच्च मा.वि. बरपाटन पोखराका सल्लाहकार, इन्फोम्याक्स कलेज पोखराका सल्लाहकार, शिक्षा महाविद्यालय पोखराका सदस्य, विन्ध्यवासिनी धार्मिक समितिका पूर्व सचिव, समितारा टोल विकास संस्थाका अध्यक्ष, समितारा सडक निर्माण समितिका सल्लाहकार, मेघा बैंक नेपालका संस्थापक, लागू पदार्थ दूर्व्यसन नियन्त्रण केन्द्र पोखराका आजीवन सदस्य, नेपाल बार एशोसिएशन पश्चिमाञ्चल पुनरावेदन बार एशोसिएशनका सदस्य, प्यावसन कास्कीका पूर्व उपाध्यक्ष, गणित प्रशिक्षण केन्द्रका प्रशिक्षक, अधिवक्ता लगायत अन्य सङ्घ-संस्थामा आबद्ध हुनुहन्छ । उहाँले तीन विषयगत अनुसन्धनात्मक लेख, दुई दर्जनभन्दा बढी मा.वि.तह लगायत अन्य तहका पाठ्य सहयोगी सामाग्री लेखिसक्नुभएको छ । प्रस्तुत छ ज्योतिष भविष्यवाणी साप्ताहिक प्रतिनिधि हरि पन्तले उहाँसँग भेटवार्ताको क्रममा गरेको कुराकानीका अंश :

ज्यो.भ.-डा.पराजुलीज्यू, तपाईंलाई हाम्रो ज्योतिष भविष्यवाणी साप्ताहिकमा हार्दिक स्वागत छ ।

डा.पराजुली - हजुर, धन्यवाद !

ज्यो.भ.-यतिधेरै पढ्न कसरी सम्भव भयो ? यतिधेरै पढ्छु भन्ने सोचाई कहिलेबाट आयो ?

डा.पराजुली- 'जहाँ इच्छा त्यहाँ उपाय' सर्वप्रथम म सानै उमेरदेखि पढाइमा अत्यन्तै तेजिलो विद्यार्थीका रुपमा परिचित थिएँ । सानै छँदा आमाले पनि धेरै पढाउनुभयो र सधैं पढ्ने वातावरण मिलाउनुहुन्थ्यो । बुवा पनि एक ज्योतिषी, पंडितका साथै एक विद्यालयको प्रधानाध्यापक हुनुहुन्थ्यो । त्यसले पनि मैले नपढी सुखै हुँदैनथ्यो । म शिक्षक हुन्छु भन्ने कल्पना समेत गरेको थिइन । मेरो सानै उमेरदेखि पाइलट बन्ने चाहना थियो । मलाई पढाइजस्तो ठूलो केही लाग्दैनथ्यो । यसका साथै वि.सं. २०५७ सालमा मैले पढाएको अति कमजोर एक  विद्यार्थीले भारतबाट विद्यावारिधि गर्दै छ भन्ने सुनेर मैले पनि पी.एच.डी. नगरि बस्नै सकिन र विद्यावारिधि पनि गरें । आफ्नै मुद्धामा आँफै न्यायाधिश हुनुहुँदैन, मान्छे निष्पक्ष कहिल्यै हुँदैन भन्ने प्रेरणाले बी.एल.पढ्न सफल बनायो । त्रि.वि.को मूल्याङ्कन प्रक्रियाको चित्त नबुझेर पाठ्क्रम र मूल्याङ्कनमा एम.एड. गरायो ।

ज्यो.भ.- पढ्दा कस्तो संघर्ष गर्नुभयो ?

डा.पराजुली-संघर्ष भनेको आफ्ना अभिष्ट सिद्धिका लागि आउने समस्यासँग डटेर सामना गर्नु हो । पढ्नेक्रममा खासै संघर्ष गर्नु परेन । किनकि बुबा पनि जागिरे हुनुहुन्थ्यो । आमा पनि शिक्षित हुनुहुन्थ्यो । मैले पनि सानै उमेरदेखि जागीर खाएँ । मेरो सानै उमेरमा बुबा बित्नुभएपछि घरको जिम्मेवारी बोकेर पढ्दा केही कठिनाई आउनु स्वभाविकै हो । यो चुनौतिसँगै मैले पढाइलाई निरन्तरता दिएँ ।

ज्यो.भ.- प्राध्यापन पेशामा आउनुको कारण ? अहिले कस्तो लाग्छ ?

डा.पराजुली-यो मेरो चाहना होइन र कल्पना समेत गरेको थिइन । मैले माथि पनि भनिसकें मेरो सानै उमेरदेखि पाइलट बन्ने ठूलो सपना पालेको थिएँ । त्यो पूरा भएन । जीवनले अर्कै मोड लियो । जब मैले पियन क्याम्पसबाट आई.एस.सी. पूरा गरेको थिएँ सोही वर्ष शिक्षा सेवा आयोगले लिएको परीक्षामा सामेल भएँ र सो परीक्षामा नाम निस्कियो । मैले नि.मा.विको स्थायी शिक्षकको जागीर पाएँ । मेरो पाइलट इन्जिनियर बन्ने सपना बिफल बनाउने त्यही शिक्षा आयोग बन्न पुग्यो । मैले शिक्षकको जागीर खाँदै पढ्दै गएँ । मैले पाइलट इन्जिनियरिङ पढ्नका लागि जागीरले सहयोग मिलोस् भन्ने उद्देश्य लिएर अघि बढेको थिएँ । तर सोचाई उल्टो हुन गयो । यसबाट निस्कनै सकिन । अहिले यो पेशा रमाइलो लाग्छ । मैले पढाएका विद्यार्थीहरू देशको ठूला-ठूला पदमा पुगेका छन् । यसले मलाई अत्यन्तै खुसी बनाएको छ ।

ज्यो.भ.-  अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

डा.पराजुली-पाठ्यक्रममा निकै अन्तर छ । पहिलेकोभन्दा अहिले निकै राम्रो छ । खासगरी गणित र विज्ञानमा पहिलेकोभन्दा अहिलेको शिक्षामा निकै गुणस्तर छ । शिक्षा नीति आँफैमा खराब हुँदैन । यसमा कुनै कमजोरी छैन । वि.सं.२०२८ सालको शिक्षा नीति देशका लागि अति उपयोगी थियो । त्यो नीति अनुसार राम्ररी अध्ययन गरेका व्यक्तिहरू निकै सफल भएका धेरै उदाहरण छन् । त्यो बेलाको शिक्षा नीतिले संस्कृत मा.वि., व्यवसायिक र साधारण मा.वि. गरी तीन खालको विद्यालय संचालन गरेको थियो । यसमा चार सय पूर्णाङ्कको विषय थियो । जब वि.सं.२०३८ सालमा सो चार सय पूर्णाङ्कको विषयलाई

बाँकी ५ पेजमा...

# तीन पत्रकार पुरस्कृत

ज्योतिष भविष्यवाणी

**पोखरा** : प्रेस चौतारी नेपालले बिहीबार विभिन्न पत्रकारिता पुरस्कारबाट तीन जना पत्रकारलाई सम्मान गरेको छ । हृदयचन्द्रसिंह प्रधान पत्रकारिता पुरस्कारबाट विमल निभा, अग्नि शिखा स्मृति पत्रकारिता पुरस्कारबाट कमल कोइराला र वीरेन्द्र साह क्रियाशील पत्रकारिता पुरस्कार रमेशचन्द्र अधिकारीलाई प्रदान गरेको छ ।

उहाँहरूलाई नगदसहित सम्मानपत्रबाट ने.क.पा. एमालेका स्थायी समिति सदस्य के.पी. शर्मा ओलीले सम्मान गर्नुभएको हो । प्रधान र अग्निशिखा स्मृति पुरस्कारको राशि ११ हजार एक सय ११ रुपैयाँ र क्रियाशील पत्रकारिता पुरस्कारको राशि पाँच हजार पाँच सय ५१ रुपैयाँ रहेको थियो । प्रेस चौतारी नेपालका अध्यक्ष गगन विष्टको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सञ्चारिका समूहकी अध्यक्ष निर्मला शर्मा, प्रेस काउन्सिलका केन्द्रीय सदस्य तथा वरिष्ठ पत्रकार माधव शर्मा, प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष गंगाधर पराजुली एवं सम्मानित व्यक्तित्वहरू विमल निभा, कमल कोइराला, रमेशचन्द्र अधिकारी, पत्रकार महासंघका केन्द्रीय सदस्य दुर्गा भण्डारी लगायतले पत्रकारिता क्षेत्रमा हुदैंआएको आक्रमणको भर्त्सना गर्दै राज्यले पत्रकारको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने माग गर्नुभएको थियो। भेलामा विभिन्न जिल्लामा कार्यरत करिब एक सय जना महिला पत्रकारहरुको उपस्थिति रहेको थियो । विश्व प्रेस स्वतन्त्रता दिवसकै अवसरमा प्रेस चौतारी नेपालले प्रभातफेरीको आयोजना समेत गरेको थियो । पोखराको सभागृहबाट शुरु भएको प्रभातफेरी सृजनाचोक, रत्नचोक, राष्ट्बैंकचोक हुँदै पर्यटक बसपार्कमा पुगेर सम्पन्न भएको थियो ।

# प्रेस युनियनको अन्तर्क्रिया

ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपाल प्रेस युनियन कास्कीले प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा अन्तर्क्रिया तथा जलपान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख अतिथि प्रेस युनियनका प्रथम उपाध्यक्ष गंगाधर पराजुलीले पत्रकारिताको आडमा गलत कार्यमा नलाग्न अनुरोध गर्दै आचारसंहिताको पालना गर्नुपर्नेमा जोड् दिनुभएको थियो । कायक्रममा नेपाल ज्योतिष पत्रकार संघका अध्यक्ष डा. बलराम उपाध्याय रेग्मी, प्रेस युनियनका पश्चिमाञ्चल संयोजक रमेश पौडेल नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष वद्रीविनोद प्रतीक, नेपाली काँग्रेस कास्कीका सभापति यज्ञबहादुर थापा, संचारिका समूह नेपालकी अध्यक्ष निर्मला शर्मा, नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य दुर्गा भण्डारी, नेपाली कांग्रेस नगर कमिटीका कोषाध्यक्ष पुष्पराज पराजुली, पत्रकार ईश्वरी न्यौपाने, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष राजबहादुर गुरुङ लगायतले प्रेस स्वतन्त्रताको बारेमा बोल्नुभएको थियो ।

## कानून...

निमित्त मुख्य न्यायाधिश माधवप्रसाद चालिसेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला बारका सचिव अधिवक्ता शालिग्राम भट्टराईले गर्नुभएको थियो । पुनरावेदन अदालत बार एकाई तथा जिल्ला अदालत बार एकाईको संयुक्त पहलमा जिल्ला अदालत बार एकाई स्थापनाकै पहिलो वर्षमा कानून दिवस मनाउन पाइएकोमा आँफू अत्यन्तै हर्षित भएको र कास्कीका कुनै पनि कानूनी निकाय एवं कानून व्यवसायीबीच कुनै प्रकारको मतभेद छैन भन्ने सन्देश दिन सकिएको जिल्ला बारका अध्यक्ष तथा कार्यक्रमका सभापति अधिवक्ता कमलप्रसाद अर्यालले बताउनुभयो।

स्मरण रहोस वामपंथी तथा प्रजातन्त्रवादी कानून व्यवसायीबीचको मतभेदकै कारण जिल्ला अदालत बार कास्की जन्मिन पुगे पनि जिल्ला अदालत बारमा वाम, प्रजातन्त्रवादी तथा क्रान्तिकारी कानून व्यवसायीको कसिलो गठबन्धनबाट स्थापित जिल्ला बार कुनै खेमा विशेषको नभई समग्र कानून व्यवसायीको आफ्नो जिल्ला अदालत बार हुन पुगेको स्वतन्त्र कानून व्यवसायीको धारणा रहेको छ ।

## 'पत्रकार डराउनु हुँदैन'

ज्योतिष भविष्यवाणी

**पोखरा** : साहित्यकार तथा पत्रकार तेजनाथ घिमिरेले सत्य तथ्य समाचारलाई बाहिर ल्याउँदा समाजको कसैले धम्की दिन्छ भने त्यससँग डराएर होइन डटेर अघि बढ्नुपर्ने बताउनुभएको छ । उहाँले समाजको यथार्थलाई बाहिर ल्याउने काम नै पत्रकारहरूको भएको बताउँदै कसैले धम्की दिँदैमा कलम बन्द गर्न नहुने बताउनु भएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा स्वतन्त्र पत्रकार संघ नेपालले पोखरामा गरेको परिचयात्मक कार्यक्रममा बोल्दै घिमिरेले उक्त कुरा बताउनुभएको हो ।

उहाँले पत्रकारिता आँफै जोखिम पेशा भएका कारणले निडर रुपले पत्रकारहरु एक भएर लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सूचना तथा सञ्चार केन्द्र पोखराका प्रमुख हरिप्रसाद गौतमले पत्रकारहरूले पत्रकारिता पेशाको जिम्मेवारी वहन गर्नुपर्ने बताउँदै पत्रकारले पत्रकारिता पेशालाई मुख्य आधार बनाएर यस क्षेत्रमा लाग्नुपर्नेमा जोड दिनुभयो। यस्तै प्रेस स्वतन्त्र सेनानी केशवराज पराजुलीले पत्रकारिता पेशा आँफैमा स्वतन्त्र भएको बताउँदै पत्रकारले स्वतन्त्र रुपमा काम गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा विधान मस्यौदा समितिका संयोजक नारायण कार्कीले विधान पढेर सुनाउनुभएको थियो । स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका सस्थापक अध्यक्ष उमाकान्त शर्मा, अग्रज पत्रकार विश्व शाक्य, मानवअधिकार कर्मी रामबहादुर पौडेललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।


## हार्दिक बधाई



विगत ६ वर्षदेखि पोखरामा रहेर पत्रकारिता गर्दै आउनुभएका मेरा आत्मीय मित्र तथा ज्योतिष पत्रकार **हरि पन्त** सामुदायिक रेडियो दमौली एफ. एम. तनहुँको पाँचौं वार्षिकोत्सवको अवसरमा पूर्व मन्त्री गोविन्दराज जोशीबाट हालै सम्मानित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको साथमा उज्वल भविष्यको कामना गर्दछु ।

**थिरबहादुर थापा**

*प्रवन्ध निर्देशक*

**पोखरा मन्टेश्वरी ट्रेनिङ्ग सेन्टर**

रानीपौवा, पोखरा


# लायन्सको प्रशिक्षण कार्यक्रम

ज्योतिष भविष्यवाणी

**पोखरा** : लायन्स क्लव अफ पोखरा चौतारी बिन्ध्यवासिनीको आयोजनामा पोखरा-१७ स्थित विद्या निकेतन स्कुलमा मंगलबार प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष ला.परमेश्वर बरालको सभापतित्वमा सम्पन्न कार्यक्रममा लायन्स क्लव इन्टरनेशनल डिस्ट्रिक ३२५ बी वान गर्भनर ला.दीपक श्रेष्ठ रहनुभएको थियो।

प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि ला. श्रेष्ठले विद्यालयमा गरिएको प्रशिक्षण कार्यक्रमले विद्यार्थीहरूमा नैतिक शिक्षाको जागरण ल्याउन मद्धत मिल्ने बताउँदै विद्यार्थीहरूमा व्याप्त रहेको विकृति र विसंगति हटाउन सहयोगी भूमिका निर्वाह गर्ने बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई समाजप्रति नैतिक चेतना जगाउनका लागि सबैले आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै प्रशिक्षण कार्यक्रमका प्रमुख प्रशिक्षक सोनाम सङ्कोले समाजमा व्याप्त विकृति र विसंगतिलाई रोक्न जरैदेखि लाग्नुपर्ने आवश्यकता रहेकाले विद्यालयमा कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

उहाँले आमाबाबु र छोराछोरीको कर्तव्यका बारेमा चर्चा गर्दै सफल नागरिक उत्पादनमा आफ्ना अभिभावकको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। उहाँले सुरक्षित समाजको स्थापना गरी दक्ष र इमान्दार नागरिक उत्पादन गर्ने लायन्सको उद्देश्य रहेको बताउनुभयो। बालबालिकाले उत्कृष्ट अंक हासिल गर्दैमा गुणस्तरीय शिक्षा हासिल नहुने बताउँदै प्रशिक्षक सङ्कोले बालबालिकाको क्षमता, भावना नबुझी अनावश्यक कार्यमा दवाव दिन नहुने बताउनुभयो। आफ्ना छोराछोरी कुलतमा लाग्नु स्वयं आमाबाबु नै भएको बताउँदै उहाँले आफ्ना बालबालिकाको नजिक बसेर गरिने हरेक क्रियाकलापप्रति सतर्क हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा बोल्दै लायन्स ३२५ बी नेपालका सिनिएर एडभाइजर ला. तीर्थ श्रेष्ठले विद्यार्थी र अभिभावकबीच सम्बन्ध प्रगाढ गर्दै समाजमा हुने विकृति र विसंगति रोक्ने यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा संस्थाका सचिव ला. होमनाथ लामिछाने, कोषाध्यक्ष ला. रामजी पौडेल, कार्यक्रमका सभापति ला. परमेश्वर बरालले बोल्नुभएको थियो ।

# ज्योतिष भविष्यवाणी पनि टिकटमा

ज्योतिष भविष्यवाणी

**पोखरा** : तपाईं सरकारी या प्राइभेट अस्पतालमा स्वास्थ्य उपचार गराउन जाँदा टिकट काट्नु पर्छ भन्ने जानकारी पाईसक्नु भएको छ होला । बस, जहाज, रेल यात्रा गर्दा पनि पहिला नै टिकट लिनु परेको अनुभव होला तर ख्यातिप्राप्त ज्योतिषीसँग परामर्श लिनु पर्‍यो भने त्यहाँ पनि टिकट काटेरमात्र भेट्न पाइन्छ भन्ने सुन्दा अचम्म लाग्न सक्दछ ।

त्यो पनि वर्षमा एक पटक टिकटमा मुक्तक अथवा टिकटमा एकल साँझ जस्तो नभएर दैनिक टिकटमामात्र भेट्न, सेवा लिन पाइने ठाउँ हो नेपालकै एकमात्र ठाउँ ज्योतिष भविष्यवाणी । 'ज्योतिष भविष्यवाणी' एक साप्ताहिक समाचार पत्र हो तर जन्मदेखि मृत्यु पर्यन्त ज्योतिषसँग गाँसिएका सबै सेवा एउटै कार्यालयबाट दिने पनि यो नेपालमा पहिलो हो ।

सूचना विभाग काठमाडौंको विज्ञापन, प्रेस काउन्सिलको मूल्याङ्कनमा परेर 'क' श्रेणीको रकम खाने पत्रिकाभन्दा विना सरकारी विज्ञापन, सहयोग विगत पन्ध्र वर्षदेखि आँफू बाँच्न सफल पत्रिका पनि ज्योतिष भविष्यवाणी हो । ज्योतिष भविष्यवाणीले अनुभवी तान्त्रिक तथा ज्योतिषीको परामर्श सेवा प्रदान गरेर आम जनतालाई प्रत्यक्ष सेवा गर्दै पत्रकारिता गरिरहेको छ । ज्योतिष भविष्यवाणीसँग सेवा लिन पोखरा-२ स्थित विन्ध्यवासिनी मन्दिर निकट कार्यालयबाट टिकट काटेर पैतीस चालिस दिनपछि सेवा लिनेहरू पोखरेली समाजमा कतिछन् कति । वि.सं. २०५८ देखि २०६८ सम्म विगत दश वर्षको इतिहासमा ज्योतिष भविष्यवाणीले टिकटमामात्र ज्योतिष सम्बन्धी सम्पूर्ण सेवा दिँदै आइरहेको छ ।

एक दिनमा कम्तिमा दश जनालाई ज्योतिष परामर्श दिने ज्योतिष भविष्यवाणीमा पुगेपछि जीवनमा पटक-पटक जानै पर्दैन । आम जनताको जन्मकुण्डली पहिलो भेटमा नै कार्यालयमा रेकर्ड राख्ने र टेलिफोन मार्फत आवश्यक परेको बेला रोल नम्बरको आधारमा सेवा प्रारम्भ गरेदेखि मेची-महाकालीसम्म मात्र होइन जापानमा कार्यरत पोखरेली शेरचनदेखि लेटिन अमेरिका, भारतीय तथा अमेरिकी मूलका व्यक्तिहरू टेलिफोनबाट नै सेवा प्राप्त गर्न सफल भएका छन् ।

आफ्नो पोखरा-२ स्थित ज्योतिष भविष्यवाणीको नाममा राष्ट्रिय वाणिज्य बैंक महेन्द्रपुल शाखा पोखरामा रहेको बचत खाता नं. ३४३००९९९२८१० मा नगद रु.पाँच सय जम्मा गर्ने अथवा पठाएपछि वर्षैभरी टेलिफोन मार्फत पटक-पटक सेवा पाइने भएपछि आम ज्योतिष सेवाग्राही नितान्त खुशी देखिएका छन् । वर्षभरीको सेवा लिंदा चित्त बुझेमा पुन: अर्को वर्ष पाँच सय जम्मा गरेर/पठाएर सदस्यता नविकरण गर्न पाइने व्यवस्था ज्योतिष भविष्यवाणीले गरेको छ ।

## पालिखे आजीवन सदस्य

ज्योतिष भविष्यवाणी

**पोखरा** : ज्योतिष भविष्यवाणी( साप्ताहिक) पत्रिकाको प्रकाशन होस् अथवा पोखरा ज्योतिष महाविद्यालयको सम्बन्धन लिंदा होस् ज्योतिष शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान दिंदै आउनु भएका पोखरा पालिखेचोक निवासी नरेशशंकर पालिखेलाई ज्योतिष भविष्यवाणी साप्ताहिकले आजीवन सदस्य घोषणा गरेको छ। आजीवन सदस्य नरेशशंकर पालिखे एवं उहाँको आफ्नो परिवारभित्रमा कुनै पनि सदस्यले ज्योतिष भविष्यवाणीकातर्फबाट सेवा लिंदा कुनै पनि प्रकारको शुल्क नलाग्ने निर्णय गरेको छ।

# कानून व्यवसायी भेला तनहुँमा

ज्योतिष भविष्यवाणी

**पोखरा** : प्रजातन्त्रवादी कानून व्यवसायी संघ तनहुँको आयोजना केन्द्रीय अध्यक्ष अधिवक्ता यदुनाथ खनालको प्रमुख आतिथ्यता, संयोजक अधिवक्ता यज्ञ रानाको सभापतित्वमा तनहुँको दमौलीमा गण्डकी अञ्चलस्तरीय कानून व्यवसायीको भेला हुने भएको छ।

गण्डकी अञ्चलका कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ तथा मनाङ गरी ६ जिल्लाका प्रजातन्त्रवादी कानून व्यवसायीको जमघटमा साइवर तथा कम्पनी कानून बारे प्रशिक्षण कार्य समेत हुने डी.एल.ए. कास्कीका अध्यक्ष अधिवक्ता रोहितराज बाँस्तोलाले बताउनुभएको छ । करिब डेढसय सक्रिय कानून व्यवसायीको उपस्थिति रहने कार्यक्रममा कास्की डी.एल.ए.का करिब चालिस जना कानून व्यवसायीको सहभागिता रहने बताइएको छ । यहि वैशाख ३० गते शनिबार बिहान ७ बजेदेखि उक्त एक दिने कार्यक्रम शुरु हुने डी.एल.ए. तनहुँका पूर्व अध्यक्ष अधिवक्ता कमलामोहन वाग्लेले बताउनुभएको छ ।

# दर्शक अनुभूतिमा पद्मराज ढकाल एकल साँझ



हरि पन्त

पद्मराज ढकाल शिक्षक, संगीतकार, साहित्यकारका साथमा एक सशक्त गायकार पनि हुनुहुन्छ । उहाँको पोखरा र लेखनाथमा एक हप्ताको अन्तरालमा दुई ठूला एकल साँझ सम्पन्न भए। उहाँका यी साँझ विभिन्न स्थानमा आयोजना हुने ठूला-ठूला एकल साँझहरूमध्येमा पर्दछन् । वि.सं. २०२० सालमा कास्की जिल्ला लेखनाथ नगरपालिकाको लामाश्वाँरा भन्ने ठाउँमा जन्मिनुभएका ढकाल गायन क्षेत्रमा निकै लामो समय सक्रिए भएर लाग्नुभएको एकल साँझले प्रष्ट पारेको छ । लामो समयदेखि शिक्षण पेशामा आवद्ध ढकाल गायनमा कसरी लाग्नुभएको हो ? भन्ने प्रश्नको उत्तर उहाँसँगै होला तर अन्यसँग छैन । दुवै साँझमा पनि खासै स्रष्टा परिचय गराइएको थिएन । जे भए तापनि उहाँ परिचित व्यक्ति नै हुनुहुन्छ । पद्मराज ढकाल एकल साँझ भनेर चित्रण गरिए तापनि एकल साँझ साँच्चैको एकल साँझ भन्न सकिने अवस्था थिएन । एकल साँझ हुनका लागि गायक एक्लैले मात्र आफ्ना प्रस्तुति पस्कनु पर्ने हो तर ढकाल एकल साँझमा आधा दर्जन कलाकारहरुले गायक ढकालसँगै स्वरमा स्वर मिलाएर गाउनुलाई एकल साँझ भन्न सकिन्छ र ?

पोखराको कार्यक्रमभन्दा केही फरक पाउन सकिन्छ कि भन्ने लोकगीत पारखीहरू रहे तापनि आयोजक, कार्यक्रम स्थान, प्रमुख अतिथि, केही दर्शक, १/२ गीत, केही गायन सहयोगी बाहेक खासै फरक नपाइएको र नौलोपना पस्किन पनि नसकेको आभास मिल्थ्यो । उहाँले पोखरामा १८ वटा गीत प्रस्तुत गर्नुभयो भने लेखनाथमा १६ गीत प्रस्तुत गर्नुभएको थियो। १/२ बाहेक अन्य सबै एउटै गाउनुभएको थियो । उहाँले गाउनुभएको गीतबाट दर्शक तथा लोकगीत पारखीहरु खासै सन्तुष्ट हुन सकेनन् । उहाँले पुराना-पुराना बाहेक खासै नयाँ प्रस्तुति दिन सक्नु भएन । लोक गीतले नेपालीको मन मुटुमा छुने गर्दछ तर उहाँले गाउनुभएको गीतमा खासै दर्शक रमाउन सकेनन् ।

उहाँले गायका गीतहरुमा राष्ट्रियता, सामाजिक भावनाबाट ओतप्रोत भएको पाइन्थ्यो । अन्य गायकहरुले उत्तेजना आउने खालको गीत प्रस्तुत गरेर दर्शकलाई तताउने प्रयत्न गर्थे भने उहाँले त्यसो गर्नुभएन र नचाहेर वा अन्य केही भएर हो बुझ्न कठिन हुन्छ । पोखराको एकल साँझमाभन्दा लेखनाथको एकल साँझमा स्वर केही फरक भए पनि अलि बढी थकित देखिनुहुन्थ्यो । उहाँ आफैले भन्नुहुन्थ्यो अलि मेहनत गरेकाले स्वर बसेको छ। उहाँले गाउनुभएको गीतका शब्दहरु अत्यन्त राम्रा र प्रशंसनीय नै थिए ।

कार्यक्रममा प्रस्तुत गर्नुभएको गीतमा केही समीक्षा गर्नुपर्दा दुबै कार्यक्रमको शुरुमा गाउनुभएको स्वदेश गान "एउटा गीत गाउन मन लाग्यो धरतिको, हुर्किएको आँगनीको माया पिरतिको" । यो गीत माया पिरतिमा अभिप्रेरित गीत हो । तर पनि एउटा गीतको औपचारिकता बाहेक दर्शकका लागि खासै उपलव्धिको रहन सकेन । त्यस्तै गीत "उठने लौ बेला आयो" वि.सं. २०५१ सालमा रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्रमा रेकर्ड भएको यो गीत एक सफल र निकै चर्चामा आएको राष्ट्रिय देशभक्तिमा आधारित छ । यसले समग्र राष्ट्रमा निधाउँन खोजेको युवाशक्तिलाई जुर्मुराएर देशको विकास गर, चेपिएर, हेपिएर नबस भन्न खोजेको हो तर यो गीतबाट कार्यक्रममा उपस्थित युवा दर्शकलाई खासै प्रभाव छाड्न सकेन । त्यस्तै संचारकर्मी दीपेन्द्र श्रेष्ठद्वारा रचित नारी अधिकार सम्बन्धी गीत "बोल्ने एउटा कुरा हो गर्ने अर्कै छ कि" भन्ने गीत समाजमा हेपिएकी नारीको पीडालाई गीतको माध्यमबाट महिला जागरण ल्याउन खोजिएको देखिन्छ । यसबाट महिलाहरू अलि हौसिएको जस्तो देखिन्थ्यो ।

कार्यक्रमको चौथो गीत जनकवि गोकुल जोशीको शहिदप्रति समर्पित "हे धर्मभक्त देशका भक्त कसरी गयो ज्यान" भन्ने गीत अलि क्रान्तिकारीका कुरा झल्कने, राणाकालीन समयताका शहिद भएका शहिदहरुप्रति समर्पित भएको र शहिदको योगदान र सपनालाई कम नआँकौं र शहिदको सपना पूरा गर्न सबै एक जुट भै देशको मुहार फेर्नतिर लाग्न आग्रह गरिएको थियो । यो गीतबाट भने सामान्य दर्शक रमाएका थिए । त्यस्तै पाँचौं गीत सोरठी नृत्य"चन्द्रमा झैं छोरीको मुहार, ३२ अै लक्षिनले जन्मिन छोरी खुसी भो दरबार" जुन शिक्षा मन्त्रालयले आयोजना गरेको राष्ट्रि नृत्य प्रयोगितामा द्वितीय स्थान हाँसिल गर्न सफल गीत तथा नृत्य हो । यसले देशको संस्कृति जोगाउनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने महसुस गर्न सकिन्छ । छोरा जन्मिए खुसी हुने छोरी जन्मिए नाक खुम्च्याउने नेपाली समाजका लागि यो गीत अत्यन्तै फलदायी हुन सक्छ ।

छैटौं गीत "गणतन्त्र आएको छनि, सबै जस्तै खुसी छु म पनि" यो गीतमा २४० वर्षे निरंकुश राजतन्त्रको अन्त्य भएर आएको गणतन्त्रलाई संस्थागत गर्न सबै लागौं, जातीयताको नाममा राज्यलाई विभाजन नगरौं भन्न खोजिएको छ । जातिजातिबीच भएको असमान व्यवहार, देशमा व्याप्त विकृति विसंगतिलाई गीत मार्फत नेता तथा सम्पूर्णलाई खबरदारी गरिएको छ । त्यस्तै पोखरामा नगाइएको तर लेखनाथमा गाइएको "सात तालको बगैंचा शहर" यो गीत यथार्थ परक छ र समय सान्दर्भिक पनि त्यत्तिकै छ । लेखनाथमा भएको सात ताल, लेखनाथमा नै जन्मिएका कवि लेखनाथका बारेमा वर्णन गर्दै लेखनाथ क्षेत्रको विकासका लागि सबै जुट्नुपर्ने कुरा उठाउन खोजिए पनि अलि स्वार्थी भावनाले हेरिएको भान हुन्छ । गायक ढकाल लेखनाथमा जन्मेपनि उहाँले राष्ट्रिय गायक भएर समग्र देशको विकासका लागि सोच्नुपर्ने हो । कवि लेखनाथ पौडेल पनि लेखनाथमा नै जन्मनुभएको हो । उहाँले आफ्ना क्षेत्रको बारेमा कहिल्यै सोच्नुभएन । पद्मराज ढकाल पनि राष्ट्रिय गायक भएर सोच्नुपर्छ । एउटा क्षेत्रको बारेमा मात्र सोच्नु हुँदैन ।

त्यस्तै आठौं गीत गायिका शर्मिला गुरुङको स्वरमा बजारमा आइसकेको एक चर्चित गीत नै हो । जुन "दाजु तिमी फर्कन्छौ कहिले, एउटा चिठी पठाउँदै छु अहिले" योआफ्ना दाजु विदेश गएका बेला एक बहिनीले दाजु समक्ष पोखेको पीडा हो । हरेक वर्ष दशैं र तिहार आएर जान्छ तर विदेशिएको दाजु घर नआउनु दशैं रमाइलोसँग मनाउन नपाउनु, तिहारमा बहिनीको हात र दाजुको निधार खाली हुँदाको अवस्थालाई समेट्न खोजिएको छ । त्यस्तै बुबाले संसार छोडेर गएपछि घरको जिम्मेवारी लिनुपर्ने दाजु विदेशिएपछि आमा घरमा दिनरात रोएर बसेको कुरालाई गीतमार्फत उठाउन खोजिएको छ । यो गीत नेपालको अहिलेको परिवेशमा अत्यन्तै सुहाउँदिलो, सान्दर्भिक, यथार्थ परक रुपमा लिन सकिन्छ र अत्यन्तै मार्मिक पन छ जो कोहीको पनि यसले मन छुन सक्छ । यसै गीतमार्फत गायिका रीतु लामा विभिन्न प्रतियोगिताहरुमा पटक-पटक प्रथम स्थान हासिल गर्न सफल हुनुभएको छ ।

त्यस्तै गायक ढकालले कार्यक्रममा प्रस्तुत गर्नुभएको नवौं गीत पनि अत्यन्तै सान्दर्भिक र राष्ट्रिय भावनामा ओतप्रोत भएको देखिन्छ । जुन "नगर मन जानलाई विदेश, सबै मिलि बनाऔं यो देश" साच्चै नै भन्ने हो भने सम्पूर्ण नेपाली विदेश गएर हाम्रो देश नेपाल पछाडि परेको अवस्थामा यो गीतले पनि त्यै अनुभूति गराउँछ । नेपाली युवा विदेश गएर पसिना बगाउँदा अन्य देशको विकास हुन्छ, नेपाल सधैं पछि पर्छ भन्ने आशय गीतले व्यक्त गरेको छ । यो गीत पनि राष्ट्रिय हितका लागि हितकरनै छ ।



एकल साँझमा गीत गाउँदै गायक पद्मराज ढकाल

त्यस्तै विदेश जान बाध्यतामा समेटिएको लोककवि अलिमियाँको गीत "हिंडे मत लाहुरे हुनलाई, घरको माया मारेर बेलैमा" दशौं र ११औं कौरा नृत्य "मायाँ गयो गाउँछाडी लाहुरे हुनलाई, सधैं मेरो जीवनमा यो मायाले पाऱ्यो रुनलाई" भन्ने गीतमा आफ्ना घरमा भएको मायालुलाई छाडेर विदेश अर्थात लाहुर जान पर्दाको पीडा र विदेशिएका आफ्ना मायालुले भोग्नु परेको पीडालाई अत्यन्तै मार्मिक ढंगले गीतमा प्रस्तुत गरेको पाइन्छ । यो गीतबाट साग र सिस्नु खाए पनि आनन्द मनले भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको कवितासँग शब्द फरक भए तापनि भाव एउटै हुन आँउछ ।

त्यस्तै एक फरक पन दिइएको एक ऋतुमा आधारित "भदौमास च्युरी पात झऱ्यो, कुन दिनमा जन्मेछु अभागी जिन्दगीमा साह्रै पीर पऱ्यो" साच्चै भन्ने हो भने भदौमास वर्षा ऋतु पर्दछ । यो ऋतुमा हरेक रुख विरुवाहरूको पालुवा पलाएर सारा संसारनै हरियो हुने बेलामा च्युरीको पात झर्नु अति दुःखको कुरा हुन्छ भने गीतको दोस्रो लयमा गायक आँफैले आँफैलाई अभागी भन्नु अलि सुहाउँदिलो हुँदैन कि ? त्यस्तै कार्यक्रममा प्रस्तुत भएका १३औं गीत धिमाल नृत्य "शामन्तको शासन धेरै हामीले सह्यौं, विभेदलाई फालन, अत्याचारलाई मासन आन्दोलनमा गयौं" यो एक क्रान्तिकारी गीत हो । राजतन्त्र फाल्न जनताले गरेको आन्दोलनलाई यो गीतले उठाएको छ ।

यो गीत र आन्दोलनको अवस्थालाई हेर्ने हो भने सार्थक मान्न सकिन्छ ।

त्यसैगरी लोककवि अलिमियाँको फर्किआएँ छाडेर विदेश, हिंडे मत बनाउँन यो देश" यो गीत पनि देशभक्ति भावनामा नै प्रेरित देखिन्छ भने पहिला रहर या बाध्यताले विदेश गएर विदेशमा चेत खाएर अनि बल्ल देशको भावना जागेको देखिन्छ । त्यस्तै "काठमाडौंबाट पोखरा जाँदा बाटोमा भेटिन्छ, सात तालको सहर लेखनाथ नगरपालिका भेटिन्छ" १५औं यो गीत पनि एक यथार्थपरक रुपमा लिन सकिन्छ भने कार्यक्रमको अन्तिममा गाइएको तिहारको देउसीभैलो गीतमा भने धेरै दर्शक रमाएका थिए । तिहारको सिजन नभए पनि कार्यक्रममा रौनक छाउन सफल भएको थियो ।

उहाँले बुबा चन्द्रकान्त ढकालके नाउँमा रु.५० हजारको शिक्षा सम्मान अक्षयकोष स्थापना गर्नुभएको छ । त्यस्तै एकल साँझबाट आम्दानी भएको रकमले सप्तरंगी सांस्कृतिक पुरस्कार स्थापना, लेखनाथ साहित्य पुरस्कार अक्षयकोष स्थापना, लेखनाथ सांस्कृतिक पुरस्कार अक्षयकोष स्थापना, लेखनाथ साहित्य प्रतिष्ठानको कार्यालय स्थापना, लेखनाथ पुस्कालयका लागि सहयोग गर्नुले सामाजिक कार्यमा एक महत्वपूर्ण योगदान दिइएको देखिन्छ ।

समग्रमा हेर्दा उहाँले गाउनुभएको गीतले कार्यक्रममा उपस्थित दर्शक रमाउन नसके पनि उहाँले साहित्य र संगीतको क्षेत्रमा जुन कार्यको थालनी गर्दै गायन, साहित्य, शिक्षण, र संगीतलाई जुन योगदान दिनुभएको छ त्यो अत्यन्तै प्रशंसनीय र महत्वपूर्ण योगदानको रुपमा लिन सकिन्छ । उहाँलाई आगामी दिनहरुमा पनि यस्तै कार्य गर्दै यस क्षेत्रमा अझै क्रियाशीलता बढोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

## जातीय....

लाद्न खोज्दा जुन हविगत भएको थियो नेताको सोभन्दा बढीको हविगत हुने समेत चेतावनी दिनुभयो । प्रवक्ता खड्काले कानूनभन्दामाथि राखेर राज्यले केही जातिलाई मात्र जातीयताको आधारमा संघीयतामा लगे एक सय तीन जातिलाई नै राज्य दिनुपर्ने अन्यथा आँफूहरु एक थोपा रगत भएसम्म संर्घषको मैदानमा उत्रिने बताउनुभयो। क्षेत्री समाज नेपालका महासचिव समेत रहनु भएका खड्काले आँफूहरूका माग पूरा नभएसम्म आँफूहरुले पूर्व घोषणा गरेका आन्दोलनका कार्यक्रम कुनै पनि हालतमा फिर्ता नहुने दाबी गर्नुभयो ।

उहाँले यही रुपमा देश अघि बढे केहीबर्ष पछिका सन्ततिहरुले आफ्नो सिरानीमा कापी कलम राख्नुपर्नेमा धारिला हात हतियार राख्नुपर्ने अवस्था आउने बताउनुभयो। डेढ करोड जनसंख्याको प्रतिनिधित्व गरेको संयुक्त संघर्ष समितिको शान्तिपूर्ण आग्रहलाई नमाने मागको सम्बोधनका लागि जस्तोसुकै कदम उठाउने बताउँदै खड्काले करिब ३२ लाखको प्रतिनिधित्व गरेको ठूला तीन दलले डेढ करोड जनताको माग पूरा नगरे सबैभन्दा ठूलो दलका रुपमा स्थापित हुने र ठूला तीनदलको नामनिसान मेटिने चेतावनी दिनुभयो। त्यस्तै क्षेत्री महिला समाजकी केन्द्रीय अध्यक्ष पुष्पा के.सी. भण्डारीले देशमा जातीय राज्य होइन सद्भाव चाहिएको बताउनुभयो।

संघर्ष समितिका संयोजक तथा क्षेत्री समाज कास्कीका अध्यक्ष पदमबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न भएको विरोध सभामा संघर्ष समिति अन्तर्गत अनुगमन समितिका संयोजक तथा ब्राह्मण समाज नेपालका कास्की अध्यक्ष भेषराज लम्साल, नेपाल दशनामी समाज जिल्ला अध्यक्ष राजकुमार गिरी, ठकुरी समाज महासंघ नेपालका उपाध्यक्ष हरिकुमार मल्ल, विभेद मुक्ति प्रगतिशील समाजका रुपबहादुर शाही परियार लगायतले जातीय राज्यले देशमा गृह युद्ध निम्तिने हुँदा यसप्रति समयमै सचेत हुनुपर्नेमा जोड दिएका थिए । सदभाव ऱ्यालीमा सहभागीले "जातीय राज्य चाँहिदैन, राज्यले विभेद गर्न पाइदैंन, हिमाल, पहाड, तराई, कोही छैन पराई, सबैको अधिकार सुनिश्चित गर, सबैलाई मान्य हुने संविधान जारी गर" लगायतका नारा लगाएका थिए । कार्यक्रममा संयुक्त मोर्चा बनाएर आन्दोलनमा उत्रिएका क्षेत्री समाज नेपाल, ब्राह्मण समाज नेपाल, नेपाल दशनामी समाज, ठकुरी समाज महासंघ, नेपाल, विभेद मुक्ति प्रगतिशील समाज, दलित जनजागरण सेवा संघ, खस क्षेत्री एकता समाज, पिछडावर्ग महासंघका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

समितिले राखेको माग पूरा नभए यहि बैशाख २८ र २९ गते नेपाल बन्दको कार्यक्रम घोषणा गरिने भएको छ।

पृष्ठ २ को बाँकी...

संशोधन गरी एकसयमा झारियो तब दशा शुरु हुन थाल्यो । त्यसपछि बनेका कुनै पनि नीति देशका लागि हितकर हुन सकेनन् । अब यसलाई विश्व बजारमा बिक्न सक्ने शिक्षा नीति बनाउन जरुरी छ । संचारको विकासले विश्व सानो भएको अवस्थामा हाम्रो देशको अहिलेको शिक्षा नीति परिवर्तन हुन जरुरी छ ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको भन्छन् नि ?

डा.पराजुली- हो, शिक्षा महंगो छ । यो सबैको पहुँचमा छैन । यसप्रति सरकार गैरजिम्मेवार बन्दा यस्तो हुन गएको हो । सरकारले कुनै मापदण्ड नबनाई जताततै विद्यालय खोल्न दिएर यस्तो भएको हो । सरकाले विद्यालयलाई व्यक्तिगत रुपमा दर्ता गर्न दिएर यस्तो भएको हो। यसमा विद्यालयले दोहोरो खाताका रुपमा प्रयोग गर्ने गरेकाले यस्तो भएको छ । यो रोक्न आवश्यक नीति निर्माण गरेर कडाइका साथ लागू गरेमा र नियम पालन गर्ने निकायले इमान्दार भएर पालना गर्नुपर्छ ।

ज्यो.भ. - शिक्षा क्षेत्रमा राजनीति हावी छ नि ?

डा.पराजुली-हो, शिक्षामा राजनीति हावी छ । मैले शिक्षामा राजनीति भएको एम.ए. पढदा मात्र थाहा पाएको हुँ । शिक्षामा राजनीति स्वत: हुन्छ । जहाँ धेरै व्यक्तिको उपस्थिति रहन्छ त्यहाँ संगठन बन्न पुग्छ । संगठन बन्नु आँफैमा नराम्रो होइन । यो शैक्षिक र विद्यालयको वृहत्तर विकासमा लगाउनु पर्नेमा व्यक्तिको स्वार्थ हावी हुन गएकाले यस्तो भएको हो । यो रोक्न अब त निकै गाह्रो छ । तर पनि यसले पार्ने असरको बारेमा जनचेतना फैलाउँदै राजनैतिक दल र तिनका नेताहरूले शिक्षा क्षेत्रमा स्वार्थ नघुसाएमा यो केही हदसम्म सुध्रन सक्छ ।

ज्यो.भ.- तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

डा.पराजुली-मैले राजनीति गरिन र मन पनि पर्दैन । मैले अहिलेसम्म कुनै पनि आस्था बोकेर हिंडेको छैन । आगामी दिनमा पनि हिंड्ने विचार छैन ।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ? नेपालको राजनीति कस्तो लाग्छ ?

डा.पराजुली- जसले राजनीति गर्दैन त्यस्ता व्यक्तिलाई यो प्रश्न अलि कठिन हुन्छ कि ? मेरो विचारमा राजनीति भनेको आफ्नो स्वार्थ पूर्ति गर्न गरिने एक क्रियाकलाप हो । अहिले नेपालको राजनीति राष्ट्रका हितमा नभएर व्यक्ति र दलगतको दलदलमा फँसेको छ । राजनीति गर्ने राजनीतिज्ञहरूको नैतिकताले राजनीति भएको छैन । नेताहरू अति छाडा भएका छन्।

ज्यो.भ. - यो राजनीतिलाई सुधार गर्न के गर्न सकिन्छ ?

डा.पराजुली-हरेक व्यक्तिले आ-आफ्ना कर्तव्य निर्वाह गर्नुपर्‍यो । कर्तव्य निर्वाह गर्दा राष्ट्रिय हितलाई सर्वोपरी ठानेर काम गर्नुपर्छ ।

ज्यो.भ. - तपाईंको विचारमा राजनीतिमा आएका मुख्य प्रजातान्त्रिक र मार्क्सवादी सिद्धान्त कुन उपयुक्त हो ?

डा.पराजुली-यो कुरा मैले त्यतिधेरै बुझेको छैन । नेपालमा प्रयोग भएका दुवै सिद्धान्त नाममात्र छन् । सिद्धान्त आफैमा गलत हुन सक्दैन र खराब पनि छैन । यसको प्रयोग गर्ने व्यक्ति खराब भएको हो । नेपालका लागि बहुसंख्यक जनताले जे चाहना गर्छन् त्यही सिद्धान्त उपयुक्त हुन्छ ।

ज्यो.भ. - अहिले नेपालको राजनीति राज्य पुनर्संरचना र शासकीय स्वरुपमा केन्द्रित छ । यहाँको धारणा ?

डा.पराजुली-यसमा मेरो धारणा फरक छ । संघीयताका लागि अहिले विद्यमान पाँच विकास क्षेत्रलाईनै राज्य बनाए सबैभन्दा उपयुक्त हुन्छ । यसमा हिमाल, पहाड, तराई लगायत यावत कुरा समेटिएको छ र वैज्ञानिक पनि छ । यो दीर्घकालीन रुपमा भरपर्दो पनि हुन्छ। त्यस्तै शासकीय स्वरुमा अधिनायकवाद देश र जनताले स्वीकार गर्न सक्दैन । अधिनायकवाद हुन नसक्ने गरी कानून बनाएमा राष्ट्रपति या प्रधानमन्त्री जो कार्यकारी भए पनि केही फरक पर्दैन । कार्यकारी प्रमुख भने जनताबाटै निर्वाचित हुनुपर्छ ।

ज्यो.भ. - देशका युवाशक्ति विदेश पलायन भएका छन् नि । के भन्नुहुन्छ ?

डा.पराजुली-म अर्थशास्त्रको विद्यार्थी भएको हैसियतले देशका युवाहरूलाई पलायन हुनबाट जोगाई सरकारले देशभित्रै रोजगारीको सिर्जना गर्नुपर्छ । विकासका आयोजनाहरू उत्पादनशील हुनुपर्छ । यसो गरेमा स्वदेशी पुँजी विदेश जाँदैन । स्वदेशी नागरिकले स्वदेशमा नै बसेर काम गर्नुपर्छ । स्वदेशमा नै बसेर काम गरेमा आँफू र राष्ट्र दुवै समृद्धशाली बन्न सक्छ। राष्ट्रले पुँजीमुखी विकास आयोजनाहरू ल्याउनु हुँदैन । यसोगर्दा पुँजी विदेशिने र उत्पादनमुखी नहुँदा राष्ट्रलाई दोहोरो घाटा हुनुको साथै विदेशी ऋण बढेर जान्छ र राष्ट्र संकटमा पर्छ ।

ज्यो.भ. - तपाईंको विचारमा ज्योतिष के हो ? तपाईंलाई ज्योतिषमा विश्वास लाग्छ कि लाग्दैन?

डा.पराजुली- विभिन्न खगोलीय पिण्डहरूको अवस्थिति र गतिको बारेमा ठीक-ठीक अध्ययन र अनुसन्धान गरी त्यसको आधारमा पृथ्वीमा भएका जीवहरूमा पार्ने असरको बारेमा जानकारी गराउने शिक्षा ज्योतिष हो । म वर्तमान ज्योतिषीय पद्धतिप्रति शतप्रशित सहमत छैन । किनकि ज्योतिषीहरूले विगतको अनुमानका आधारमा भविष्यवाणी गर्नुपर्ने भएकाले विगतका भविष्यवाणी कुन हदसम्म सही ठहर्‍यो त्यसको विश्लेषण गरी परिमार्जनका लागि आवश्यक आधारहरू बनाउँदै जान सकेका छैनन् । एउटा सूर्य र चन्द्रमा ग्रहको तिथि, मिति र समय अवलोकन गर्न सकिने स्थानकोमात्रै सही भविष्यवाणी गरेर ज्योतिष विद्या सफल हुन सक्दैन ।

ज्यो.भ. - अहिलेको ज्योतिष कस्तो लाग्छ ?

डा.पराजुली-यसमा गहन अध्ययन अनुसन्धान नगरी ज्योतिष सम्बन्धी २/४ अक्षर जान्दैमा सम्पूर्ण ज्योतिषीय विद्या जानेको छु भनेर पेशा संचालन गर्नु गलत छ । अलि-अलि जानेको भरमा पेशा अँगालेर सर्वसाधारणको भविष्यवाणी गर्ने जस्ता गहन काम गर्नु ज्योतिष पेशाकै बद्नाम गर्नु हो ।

ज्यो.भ. - ज्योतिषको विकास गर्न के गर्नुपर्ला ?

डा.पराजुली- अहिले मानिसले ज्योतिष भनेको जन्मकुण्डली हेर्नेमात्र भनेर बुझ्ने गरेका छन् । यस्ता भ्रम तोड्न स्वयं ज्योतिषी नै लाग्नुपर्छ । यो शिक्षालाई सरल बनाई त्यसमा विद्यार्थीहरूलाई पढ्नका लागि आकर्षण गराउनुपर्छ । त्यस्तै ज्योतिष पेशा संचालन गरेका ज्योतिषीहरूलाई ज्योतिष सम्बन्धी आवश्यक तालिमको व्यवस्था गर्नुपर्छ । सर्वसाधारण मानिसको विश्वास लिनसक्ने बनाएमा यसको विकास हुन्छ ।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै ज्योतिष विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

डा.पराजुली- अहिलेको सन्दर्भमा आवश्यक छ जस्तो मलाई लाग्दैन । खगोल शास्त्रसँग ज्योतिष शास्त्रलाई समन्वय गराउन आवश्यक छ । बालकृष्ण समले 'ज्ञान विज्ञानको हात जोड्न पर्छ कर्ममा' भनेजस्तै यी दुवैको समन्वयात्मक अध्ययन गर्नुपर्छ । समय परिस्थितिले र जनचाहना अनुसार आवश्यक परेमा ज्योतिष विश्वविद्यालय स्थापना गरेमा राम्रो हुन्छ । ज्योतिष शिक्षालाई पनि समय सापेक्ष बनाउन जरुरी छ । यसमा मेरा मित्र डा. रेग्मी जीले धेरै पहिलेदेखि नै पोखरा ज्योतिष महाविद्यालय संचालन गर्दै आउनु भएको छ । त्यसमा कस्तो पढाई हुन्छ मलाई थाहा छैन । मलाई लाग्छ उहाँको जस्तै महाविद्यालय देशभर स्थापना भएमा ज्योतिष विश्वविद्यालयको आवश्यकता पर्दैन । रेग्मीजीको महाविद्यालयमा एक हप्तामा ज्योतिष तालिम सकिन्छ मलाई त्यो सम्बन्धी ज्ञान भएन । एकहप्ता पढेर ज्योतिष जस्तो गहन विषय जानिन्छ भन्ने मलाई लाग्दैन । अझ एक हप्ता पढेको शुल्क पाँच हजार एकसय छ त्यो अति मंहगो भएको जस्तो लाग्छ । उहाँका अनुसार ज्योतिषको शिक्षा पूरा पढ्न लगभग ५० हजार लाग्ने देखिन्छ यो त अति महंगो भएको छ । ज्योतिष सम्बन्धी सबै पढ्नेलाई छुटको व्यवस्था हुनुपर्छ । यसरी ज्योतिष शिक्षा पढ्न रहर गर्ने सर्वसाधारणको पहुँच पुग्दैन ।

ज्यो.भ. - विवाह कुन गर्नुभयो (मागी या लभ)? विवाह गर्दा चिना हेराएर, जुराएर गर्नुभएको होला नि ?

डा.पराजुली - मैले वि.सं.२०२९ सालमा मागी विवाह गरेको हुँ । अब बुबा नै ज्योतिषी हुनुहुनथ्यो के गर्नुभयो मलाई जानकारी भएन ।

ज्यो.भ. - धर्म भनेको के हो ? धर्ममा तपाईं कत्तिको विश्वास गर्नुहुन्छ ?

डा.पराजुली-जीव कल्याणका लागि गरिने कर्म धर्म हो । म धर्मको नाउँमा भएको पूजापाठ, मन्दिर धाउने काममा विश्वास गर्दिन । समाजलाई अनुशासित रुपमा राखेर सभ्य, विकसित र समृद्ध बनाउनका लागि बनाइएको संगालो धर्म हो । आफ्ना पहिचान, संस्कृति जगेर्ना गर्न धर्म र धार्मिक कार्य आवश्यक छ ।

ज्यो.भ. - हाम्रो देश नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि ?

डा.पराजुली- यो गलत प्रक्रिया हो । नेताहरूले विश्वको समय परिवेश अनुसार भनेर चित्रण गरे तापनि अन्य मुलुकमा एउटा धर्म विशेषको राज्य भएको छ । हाम्रो देशमा पनि हिन्दू धर्मको बाहुल्य छ यस्तोमा धर्म निरपेक्ष बनाउनु हुँदैन । यस्तो गर्न त जनमत संग्रहमा जानुपर्दछ । यो निर्णय कुनै पनि जनतालाई स्वीकार्य छैन । हामीले गाई काटेको हेरेर बस्न सक्दैनौं ।

ज्यो.भ. - नेपाल प्राज्ञमञ्चलाई देशको हितमा कसरी लगाउन सकिन्छ ?

डा.पराजुली- समाजमा लुकेर रहेका प्रशस्त सम्भावना भएबा क्षेत्रहरूको अध्ययन अनुसन्धान गरी सम्भव र व्यावहारिक सुझावहरू सम्बन्धित निकायमा पुर्‍याउन प्राज्ञमञ्चले सक्नुपर्छ ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

डा.पराजुली- एउटा असल मानवका रुपमा समाजमा स्थापित हुने ।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.पराजुली-विभिन्न सिलसिलामा भारतको भ्रमण गरेको छु भने नेपालका करिब २०/२५ जिल्लाको भ्रमण गरिसकेको छु ।

ज्यो.भ. - अन्त्यमा हामीले सोध्न र तपाईंले भन्न छुटेका कुरा केही छन् कि ?

डा.पराजुली- खासै केही छैन । स्वदेशमा स्वदेशी उद्योगहरू प्रशस्तमात्रामा स्थापना हुने र उद्योग सफल भएर संचालन भएमा देशको विकास हुनुका साथै देशको जनशक्ति विदेश पलायन हुन रोकिने थियो । अनि देश समृद्ध हुन सक्थ्यो ।

ज्यो.भ. - नेपालको एकमात्र ज्योतिष विधागत समाचारपत्र ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ?

डा.पराजुली-पत्रिकाले विविध क्षेत्रलाई समेट्दै ज्योतिषको उत्थानमा महत्वपूर्ण भूमिका निवाह गर्न सकोस भन्ने शुभकामनाको साथमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ज्यो.भ. - व्यस्तताका बाबजुद महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद ।

डा.पराजुली-तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद ।


# हाम्रा ज्योतिषसम्बन्धी सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी ज्योतिष भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत् दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा सञ्चालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट विरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् । ज्योतिषमा आइपर्ने काम आफैं गर्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत दश वर्षदेखि नियमित सञ्चालित साप्ताहिक 'ज्योतिष भष्यिवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ । सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरी एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' सञ्चालन भै रहेको छ सुन्दै गर्नुहोला ।



**वरिष्ठ ज्योतिष भविष्यवक्ता**

**डा. बलराम उपाध्याय रेग्मी**

**ज्योतिष भविष्यवाणी (साप्ताहिक)**

खुर्कोट-४, पर्वत, धौलागिरि, नेपाल

हाल पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।

फोन/फ्याक्स - +977-61-540347

मोबाइल फोन नं. +977-9856020914 (Direct)

E-mail: jbweekly@fewanet.com.np

Website: www.jbweekly.com

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/१/२८<br>May.10, 2012 | बिहान ५:२० बजेदेखि ६:५० बजेसम्म **शुभ**/बिहान ६:५० बजेदेखि ८:२० बजेसम्म **रोग**/बिहान ८:२० बजेदेखि ९:५० बजेसम्म **उद्वेग**/बिहानमा ९:५० देखि ११:२० बजेसम्म **चर**/बिहानमा ११:२० देखि दिनमा १२:५० बजेसम्म **लाभ**/दिनमा १२:५० बजेदेखि २:२० बजेसम्म **अमृत**/दिनमा २:२० देखि ३:५० बजेसम्म **काल**/बेलुकी ३:५० देखि ५:२० बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/१/२९<br>May.11, 2012 | बिहान ५:१९ बजेदेखि ६:४९ बजेसम्म **चर**/बिहान ६:४९ बजेदेखि ८:१९ बजेसम्म **लाभ**/बिहान ८:१९ बजेदेखि ९:४९ बजेसम्म **अमृत**/बिहानमा ९:४९ देखि ११:१९ बजेसम्म **काल**/बिहानमा ११:१९ देखि दिनमा १२:४९ बजेसम्म **शुभ**/दिनमा १२:४९ बजेदेखि २:१९ बजेसम्म **रोग**/दिनमा २:१९ देखि ३:४९ बजेसम्म **उद्वेग**/बेलुकी ३:४९ देखि ५:१९ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/१/३०<br>May.12, 2012 | बिहान ५:१९ बजेदेखि ६:४९ बजेसम्म **काल**/बिहान ६:४९ बजेदेखि ८:१९ बजेसम्म **शुभ**/बिहान ८:१९ बजेदेखि ९:४९ बजेसम्म **रोग**/बिहानमा ९:४९ देखि ११:१९ बजेसम्म **उद्वेग**/बिहानमा ११:१९ देखि दिनमा १२:४९ बजेसम्म **चर**/दिनमा १२:४९ बजेदेखि २:१९ बजेसम्म **लाभ**/दिनमा २:१९ देखि ३:४९ बजेसम्म **अमृत**/बेलुकी ३:४९ देखि ५:१९ बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/१/३१<br>May.13, 2012 | बिहान ५:१८ बजेदेखि ६:४८ बजेसम्म **उद्वेग**/बिहान ६:४८ बजेदेखि ८:१८ बजेसम्म **चर**/बिहान ८:१८ बजेदेखि ९:४८ बजेसम्म **लाभ**/बिहानमा ९:४८ देखि ११:१८ बजेसम्म **अमृत**/बिहानमा ११:१८ देखि दिनमा १२:४८ बजेसम्म **काल**/दिनमा १२:४८ बजेदेखि २:१८ बजेसम्म **शुभ**/दिनमा २:१८ देखि ३:४८ बजेसम्म **रोग**/बेलुकी ३:४८ देखि ५:१८ बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/२/१<br>May.14, 2012 | बिहान ५:१७ बजेदेखि ६:४७ बजेसम्म **अमृत**/बिहान ६:४७ बजेदेखि ८:१७ बजेसम्म **काल**/बिहान ८:१७ बजेदेखि ९:४७ बजेसम्म **शुभ**/बिहानमा ९:४७ देखि ११:१७ बजेसम्म **रोग**/बिहानमा ११:१७ बजेदेखि दिनमा १२:४७ बजेसम्म **उद्वेग**/दिनमा १२:४७ बजेदेखि २:१७ बजेसम्म **चर**/दिनमा २:१७ देखि ३:४७ बजेसम्म **लाभ**/बेलुकी ३:४७ देखि ५:१७ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/२/२<br>May.15, 2012 | बिहान ५:१७ बजेदेखि ६:४७ बजेसम्म **रोग**/बिहान ६:४७ बजेदेखि ८:१७ बजेसम्म **उद्वेग**/बिहान ८:१७ बजेदेखि ९:४७ बजेसम्म **चर**/बिहानमा ९:४७ देखि ११:१७ बजेसम्म **लाभ**/बिहानमा ११:१७ देखि दिनमा १२:४७ बजेसम्म **अमृत**/दिनमा १२:४७ बजेदेखि २:१७ बजेसम्म **काल**/दिनमा २:१७ देखि ३:४७ बजेसम्म **शुभ**/बेलुकी ३:४७ देखि ५:१७ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/२/३<br>May.16, 2012 | बिहान ५:१६ बजेदेखि ६:४६ बजेसम्म **लाभ**/बिहान ६:४६ बजेदेखि ८:१६ बजेसम्म **अमृत**/बिहान ८:१६ बजेदेखि ९:४६ बजेसम्म **काल**/बिहानमा ९:४६ बजेदेखि ११:१६ बजेसम्म **शुभ**/बिहानमा ११:१६ देखि दिनमा १२:४६ बजेसम्म **रोग**/दिनमा १२:४६ बजेदेखि २:१६ बजेसम्म **उद्वेग**/दिनमा २:१६ देखि ३:४६ बजेसम्म **चर**/बेलुकी ३:४६ देखि ५:१६ बजेसम्म **लाभ** । |

## साप्ताहिक साहित

१.वैशाख २८, २०६९ बिहीबार - उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
२.वैशाख २९, २०६९ शुक्रबार - पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
३.वैशाख ३०, २०६९ शनिबार - दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
४.वैशाख ३१, २०६९ आइतबार - पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
५.ज्येष्ठ १, २०६९ सोमबार - दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ ।
६.ज्येष्ठ २, २०६९ मङ्गलबार - दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ ।
७.ज्येष्ठ ३, २०६९ बुधबार - पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ भने अन्य कुनैपनि दिशाको यात्रा गर्नु राम्रो हुनेछैन ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मङ्गलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।

*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

# तपाईंको यो हप्ता

(वैशाख २८ गते बिहीबारदेखि ज्येष्ठ ३ गते बुधबारसम्म)
(From May.10, 2012 to May.16, 2012)

ज्यो. सीता रेग्मी
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
विन्ध्यवासिनी मन्दिर, पोखरा
मोवाइलः ९८४६२१८८१५

१. मेषः (Aries)(चु. चे. चो. ला. लि. लु. ले. लो. अ.)
तपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो रहनेवाला छैन । समयमा खान नपाइने अथवा अगतिलो खाना सेवन गर्नुपर्ला । पुराना मित्रले व्यर्थैको विवाद र कुरा काट्नेछन् । जताबाट पनि यो हप्ता आम्दानीको तुलनामा खर्च ज्यादा रहनेछ । चनाखो भई सकेसम्म खर्च जोगाउनु नै राम्रो हुनेछ । हरेक कार्यमा सर्तक रहनु पनि आवश्यक देखिन्छ ।

२. वृषः(Tauras)(ई. उ. ऐ. ओ. वा. वि. वु. वे. वो.)
तपाईंको यो हप्ता मनमा बिना कामका चिन्ताले सताउनेछन् । आफू अपमानित हुनुपर्ने ठाउँमा नचाहेर पनि जानुपर्नेछ । आफन्तै व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । यो हप्ता कुनै मुद्दा मामिलामा लाग्नु ठीक छैन, लागियो भने आफ्नै पैसा र समयको वरवादीमात्र हुनेछ । समय अत्यन्त खराब रहेकाले सतर्क हुनु अति आवश्यक छ ।

३. मिथुनः(Gemini) (का. कि. कु. घ. ङ. छ. के. को. ह.)
तपाईंका लागि यो हप्ता स्वास्थ्य भरपर्दो रहनेछ । टाढाबाट धन आउने, नयाँ काम धन्दामा लगानी गर्न मन लाग्नेछ । मनमा एकप्रकारको ढुक्कपन रहने, दौडादौडी त्यति गर्नुपर्ने छैन । परिवारका सदस्यहरुबाट सकारात्मक सहयोग हुनेछ । सबै काम सुख र सुविधाका साथ सम्पन्न गर्न सकिनेछ तर समयको सही सदुपयोग गर्नुहोला ।

४. कर्कः(Cancer)(हि. हु. हे. हो. डा. डि. डु. डे. डो.)
तपाईंलाई यो हप्ता सोच्दै नसोचेको धन प्राप्ति हुन सक्नेछ । जमीन सम्बन्धी अथवा कलकारखाना सम्बन्धी काम गर्नु छ भने यो हप्ता लाभ हुनेछ । तपाईं तरकारी व्यवसायी हुनुहुन्छ भने यो हप्ता पैसा खूब कमाउनुहुनेछ । जताबाट पनि तपाईंलाई खुशी लाग्दा समाचार यो हप्ता प्राप्त हुनेछन् ।

५. सिंहः(Leo) (मा. मि. मु. मे. मो. टा. टि. टु. टे.)
तपाईंका लागि यो हप्ता आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । यदि तपाईं सवारी साधन चालक हुनुहुन्छ भने एक्कासी आँखामा कसिंगर वा केही बस्तु आई कष्ट पुऱ्याउनेछ । त्यसकारण सवारीसाधन हाँक्दा विशेष ख्याल गर्नुहोला । खर्चको सम्बन्धमा सोचे भन्दा ज्यादा नै हुनेछ ।

६. कन्याः(Virgo)(टो. पा. पी. पू. ष. ण. ठ. पे. पो.)
यो हप्ता तपाईंका लागि जुनसुकै काम जति छिटो गर्न खोज्यो झन् ढिलो र बाधामात्रै आइपर्नेछन् । मनमा व्यर्थैको छट्पटी, यात्रामा खर्चमात्रै, उपलब्धि हात लाग्ने छैन । एक्कासी पेट दुख्ने ग्याष्ट्रिक, शूल, वायुले स्वास्थ्यलाई असर गर्न सक्नेछ । यो हप्ता खाने मामलामा दुःख पाइने देखिन्छ । हप्ताको अन्त्यतिरका दिनमा सुधार हुनेछ ।

७. तुलाः(Libra)(रा. री. रु. रे. रो. ता. ती. तु. ते)
तपाईंको यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ । प्रशन्नता बढ्ने काम हुनेछन्। उठ्नुपर्ने रकम सजिलै उठ्नेछ । सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ । इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ । घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ । समयको सही उपयोग अवश्य गर्नुहोला ।

८. वृश्चिकः(Scorpio) (तो. ना. नि. नू. ने. नो. या. यि. यू.)
तपाईंको लागि यो हप्ता बोली वचनमा शिष्टता र सकेसम्म नरम भई काम लिनुमा नै बुद्धिमानी हुनेछ । छोराछोरी, आफूभन्दा कनिष्ट मित्रहरु, आश्रित कर्मचारी अर्थात् आफू मातहतका कर्मचारीमा विवादको अवस्था देखा पर्नेछ, जसमा आफू तटस्थ रहनु नै राम्रो हुनेछ । परिवारको कुनै सदस्यलाई औषधी उपचारमा खर्च गर्नुपर्ने देखिन्छ ।

९. धनुः(Sagittarius)(ये. यो. भा. भी. भू. ध. फ. ढ. भे.)
तपाईंलाई यो हप्ता लाभका मौकाहरु उपयोग गर्न सके राम्रा छन् । कसैले लगेको धन फिर्ता गर्न आउनेछन् । आफूलाई पनि नाम र कृति बढ्ने काममा लगानी गर्न मन लाग्नेछ । घरमा नयाँ सामानहरु किन्ने र घर सजाउनेमा विशेष चाहना यो हप्ता हुने देखिन्छ । अदालतमा विचाराधीन कुनै मुद्दा छ भने तपाईंको जीत हुनेछ ।

१०. मकरः(Capricorn)(भो. ज. जी. खि. खु. खे. खो. ग. गी.)
तपाईंलाई यो हप्ता आफ्नो काममा आफ्नै व्यक्तिहरुले बाधा पार्नेछन । त्यसकारण तपाईंको मन अस्थिर हुन सक्नेछ । जुन कार्यक्रममा भाग लिन जानुपर्ने हो त्यसमा छुट्नुपर्ने देखिन्छ । स्वास्थ्य ज्यादै संवेदनशील रहने देखिन्छ अर्थात यो हप्ता स्वास्थ्य त्यति भरोसाको रहनेछैन । हप्ताको अन्यतिरको समय मध्यम शुभ रहनेछ ।

११. कुम्भः(Aquarius)(गु. गे. गो. सा. सी. सु. से. सो. द.)
तपाईंका लागि यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ । आदरसत्कार पाइने ठाउँमा सहभागी हुन पाइनेछ । यो हप्ता गाडी किन्ने हो कि, विदेश जाने प्रोसेस चाल्ने हो कि सोचे अनुसार सबै कार्यमा पूरा सफलता मिल्नेछ । समय शुभ रहेकाले सही उपयोग गरेमा उच्चतम् लाभ हासिल गर्न सकिनेछ । राजनीतिक कर्मीको लागि यो हप्ता उच्चतम लाभ मिल्ने देखिन्छ ।

१२. मीनः(Pisces)(दी. दू. थ. झ. ञ. दे. दो. चा. ची.)
तपाईंको लागि यो हप्ता स्वास्थ्यमा खास कुनै गडवडी देखिनेछैन । आँटेका सोचेका कामहरूमा भने कुनै न कुनै प्रकारको झन्झट र झमेला देखापर्नेछ । सोचे जतिका सबै काम धेरैजसो पूरा हुनेछन्, तर संघर्ष भने खूब गर्नुपर्नेछ । पिर नगरी सक्रिय भएर काममा लागेमा अधिकतम लाभ लिन सकिनेछ । समय मध्यम शुभ रहेकाले गरेका कार्यमा असफल बनाउन प्रयास गर्नेछन् सतर्क हुनु आवश्यक छ ।

प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट ‘ज्योतिष भविष्यवाणी’ (साप्ताहिक) कार्यक्रम, धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट ‘ज्योतिष जागरण’ साप्ताहिक कार्यक्रम प्रत्येक सोमबार बेलुकी ५ देखि ६ बजे सुन्दै गर्नुहोला । कार्यक्रम सञ्चालक : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी, जिज्ञासा टिपोटका लागि ९८५६०२०९१४, ९८५६०३०९१४

**संस्थापक/प्रधान सम्पादक/प्रकाशक-अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.**+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
**प्रमुख व्यवस्थापक-ज्यो.सुश्री सीता रेग्मी, व्यवस्थापक- ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,**
**प्रबन्ध निर्देशक- रामनाथ अधिकारी ‘संगी’(९८४८४२१३१३), आजीवन संरक्षकः ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्ग, E-mail: jbweekly@fewanet.com.np,**
**website: www.jbweekly.com,** www.Facebook.com/jbweekly, Twitter/@Jbweekly, **मुद्रक-तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा** web hosting : pokharacity.com